शिवपुरी गाउँपालिका ,नुवाकोट सरसफाई प्रतिबेदन ( मिति २०७४ /९/१२)

१. **पृष्ठभूमि :**

नुवाकोट जिल्ला सदरमुकाम बिदुर देखि करिब ३६ कि .मि पूर्व तर्फ छिमेकि जिल्ला सिन्धुपालोक र काठमाडौँसंग सिमाना जोडिएको शिबपुरी गाउँपालिका यस भेगका साबिकका ८ वटा गाबिसहरु मिलेर बनेको छ ।यसको पूर्वमा सिन्धुपाल्चोक जिल्ला पश्चिममा पञ्चकन्या,लिखु र ककनी गाउँपालिका, उत्तरमा पञ्चकन्या र दुप्चेशोर गाउँपालिका तथा दक्षिणमा काठमाडौँ जिल्ला पर्दछ । १०१.५ वर्ग कि.मि क्षेत्रफल ओगटेको यस गाउँपालिकामा कुल ५२३३ घरधुरीको बसोबास रहेकोछ ।यहाँको कुल जनसंख्या २९२३२ मध्ये १४९१० महिला तथा १४३२२ पुरुष रहेकोछ।

सन् २०१७ सम्म नेपाललाई खुला दिसामुक्त मुलुक बनाउने नेपाल सरकारको राष्ट्रिय लक्ष्य लाई आत्मसाथ गर्दै नुवाकोट जिल्लालाई पनि खुला दिशामुक्त जिल्ला बनाउने उदेश्य पुरा गर्न डीवाससिसि,जिसस ,जिल्ला खानेपानी कार्यालय , गाउँपालिका,वडा कार्यालय र खुल्ला दिसामुक्त क्षेत्रमा कार्यरत यूएनह्याबिटाट,पुनर्जागरण समाज ,स्ट्याण्डस नेपाल ,डिकोन नेपाल ,सुर्योदय सामाजिक क्लवको प्रमुख सहजीकरणमा आज शिबपुरी जिल्लाकै तेस्रो खुला दिसामुक्त गाउँपालिका हुन सफल भएकोछ ।

२. **खुला दिसामुक्त अवस्थाको वडागत तथ्याङ्क बिबरण**

| वडा नं | घरधुरी | जनसंख्या | सुरक्षित शौचालय संख्या | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अभियान अघि | अभियान पछि | |
| १ | ८१० | ४५३६ | २३६ | ५३७ | तलाखु |
| २ | ५३७ | ३००७ | ११२ | ४२५ | छाप |
| ३ | ५४९ | ३०७४ | २५६ | २९३ | लिखु |
| ४ | ३८७ | २१६७ | २०४ | १८३ | सिक्रे |
| ५ | ८३२ | ४६५९ | ४६५ | ३६७ | महाकाली |
| ६ | ८४८ | ४७४९ | ३६८ | ४८० | सामुन्द्रादेवी |
| ७ | ५५३ | ३०९६ | ३६२ | १९१ | सुनखानी |
| ८ | ७१७ | ३९४४ | २७० | ४४७ | थानापति |
| जम्मा | ५२३३ | २९२३२ | २२७३ | २९६० | |

**३.सरसफाईको क्षेत्रमा विभिन्न सहयोगी संघ संस्थाहरुले खेलेका भूमिका**

यस गाउँपालिका अन्तर्गत सरसफाई क्षेत्रमा सहयोग गर्ने जिसस,खानेपानी कार्यालय,बिश्व सरसफाई कोष यू.एन.-ह्याबिट्याट,पुनर्जागरण समाज नेपाल,स्ट्याण्स नेपाल,सुर्योदय सामाजिक क्लव,अक्सफार्म,सुहारा,कार्डसन,ग्रामिण स्वाभलम्वन केन्द्र लगायत संघसंस्थाले खुला दिसामुक्त अभियान तथा खानेपानी सरसफाईको क्षेत्रमा संचालनमा गरेको कार्यक्रमहरुको बारेमा यस प्रतिबेदनको अनुसूचीमा समाबेस गरिएकोछ ।

**४.वर्तमान मुख्य चुनौती र समाधान**

वर्तमानको मुख्य चुनौतीको रुपमा खुला दिसामुक्त अवस्थालाई दिगोपन दिदै मानिसका सरसफाई संबन्धि सम्पूर्ण ब्यबारहरुमा सकरात्मक परिबर्तन ल्याउन सक्नुनै हो । यसको लागि पूर्ण सरसफाई बाटो तिर अघि बढ्नुको विकल्प छैन ।त्यसैले सरसफाई अवस्थालाई थप मजबुत पार्नका लागि सबै पक्षको सहयोग तथा सल्लाह सुझाबको अपेक्षा गरेकाछौ ।गाउँपालिका यस चुनौतीको चिरफार गरि पूर्ण सरसफाईमा सबैको पहुँच बिस्तार गर्न निम्नअनुसारका रणनितिलाई अझै सशक्त ढंगवाट लागु गर्ने योजना बनाएको छ ।

अ. चर्पीको प्रयोग भए नभएको खबरदारी गर्ने र अवस्था अनुसार पुरस्कार र दण्डको व्यवस्था गर्ने

आ. साबुन पानीले हतधुने बानीको बिकास तथा ब्यबार परिबर्तनमा विषेश जोड दिने

इ. व्यक्तिगत,घरयसी तथा वाताबरणीय सरसफाईमा जोड दिने

ई. फोहरमैला ब्यबस्थापन तथा उपयोगका कार्यक्रमहरु लागु गर्ने

उ. सुरक्षित पिउने पानको महत्व र प्रयोगमा जोड दिने

ऊ. गाउँ-गाउँविच सरसफाई नमुना गाउँ बनाउने बिषयमा प्रतिस्पर्धा गराउने

ऋ. वडालाई क्रमिकरुपले धुँवामुक्त,प्लास्टिक मुक्त आदि बनाउदै लैजाने

ऍ. सरसफाईलाई आर्थिक उपार्जन संग जोड्न सकिन्छ भन्ने कुराको समुदायमा बिश्वाश दिलाई अन्तरिक तथा बह्य पर्यटन जोड दिने आदि

**५. निष्कर्ष**

लामो,अथक अनि साझा प्रयासवाट शिवपुरी गाउँपालिका खुला दिसामुक्तको चरण पार गरि आजबाट सरसफाईको नयाँ युगमा प्रवेश गरेको छ । यस सुखद घडीमा गाउँपालिकाको तर्फबाट सबैमा खुसियाली बाडन चाहन्छु ।आउँदा दिनहरुमा पनि हामी सबै गाउँपालिकावासीहरु सरसफाई चुनौतीहरुको डटेर सामना गर्नेछौ । हातमाहात काँधमा काँध मिलाई अघि बढ्नेछौ ।